# उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास

२०७३

☎: ०८१-५३१४६४


पत्र संख्याः २०८२/०८३ (प्रशासन शाखा) मितिः २०८२/०७/२७

च.नं. ९६५ ने.सं. ११४५ कछलागा ०९, बिहीवार

**विषयः मेलमिलापकर्ता सूचिकृत हुने तथा अद्यावधिक गराउने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा यस अदालतमा मेलमिलापकर्ता सूचिकृत गराउने तथा सूचिकृत मेलमिलापकर्ताहरुको नामावली अद्यावधिक गर्ने प्रयोनार्थ यस अदालतको मिति २०८२।०४।१६ मा प्रकाशित ३० दिने सूचना बमोजिम संकलित निवेदनहरु मिति २०८२।०५।२३ र २४ मा भएको आगजनी तथा तोडफोडबाट पूर्णरुपमा नष्ट भएकोले मेलमिलापकर्ता सूचिकृत हुने र सूचिकृत मेलमिलापकर्ताहरुको नामावली अद्यावधिक गराउनको लागि पूनः सूचना प्रकाशित गरिएको छ। अतः रुपमा आफ्नो नाम सूचिकृत गराउन चाहने मेलमिलाप सम्बन्धी तालिम प्राप्त गरेका व्यक्ति वा मेलमिलाप परिषद्बाट स्वीकृत प्राप्त गरेका मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र मेलमिलाप सम्बन्धी नियमावली (संशोधन सहित), २०७० को अनुसूची-२ बमोजिमको ढाँचामा देहायको कागजातहरुको प्रतिलिपी संलग्न राखी यस अदालतमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचिकृत भएका मेलमिलापकर्ताहरुले अद्यावधिकको लागि पुनः निवदेन दिनु हुन समेत जानकारी गराइन्छ। अद्यावधिकको लागि तोकिएको समय सिमा भित्र निवेदन दर्ता हुन नआएमा मेलमिलापकर्ताको सूचीबाट स्वतः नामावली हटाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

२०८२/७/२८

..........................

(बल बहादुर विष्ट)

शाखा अधिकृत

<u>देहायः मेलमिलापकर्ताको रुपमा सूचिकृत हुन र अद्यावधिक गर्नका लागि पेश गर्नपर्ने कागजातहरु</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
३. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपी
४. मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा परिषद्बाट मेलमिलाप सम्बन्धी कार्ग गर्न दिइएको स्वीकृतिको प्रतिलिपी
५. संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपी
६. व्यक्ति भए मेलमिलापकर्ताको पासपोर्ट साइजको २ प्रति फोटो

नोटः सूचिकृत मेलमिलापकर्ताहरुको पहिले पेश गरेका सम्पूर्ण कागजातहरु जली नष्ट भएकोले उल्लेखित कागजातहरुसमेत संलग्न राखी निवेदन दिनुहुन जानकारी गराइन्छ।


Website: http//supremecourt.gov.np/court/nepalgunjhc

Emails: admin.hcinepalgunj@supremecourt.gov.np / email: info.hcinepalgunj@supremecourt.gov.np /

Gmail: highcourt.nepalgunj@gmail.com